# आरुघाट गाउँपालिका

## स्थानीय राजपत्र


भाग-२ खण्ड: ५ संख्या :१२

पारित भएको मिति: २०८०/११/२२

प्रकाशन मिति: २०८०/११/२३


# आरुघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

आरुघाट गाउँपालिका, गोरखा

## आरुघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः-** यस आरुघाट गाउँपालिकामा रहेका आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पीडित महिला, बालबालिका, असहाय तथा बेवास्तामा परेका ज्येष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा रहेका व्यक्ति तथा परिवार लगायत कमजोर आर्थिक अवस्थाको कारण जोखिमा परेका नागरिकको संरक्षणको लागि न्यूनतम आर्थिक सहायता उपलब्ध गराउन बाञ्छनिय भएकोले आरुघाट गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "आरुघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा - विषय प्रसंगले अर्को अर्थ नलागेमा**

क. "गाउँपालिका" भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्छ ।

ख. "गाउँकार्यपालिका" भन्नाले आरुघाट गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग. "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पीडित महिला, बालबालिका, बेवास्तामा परेका ज्येष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा रहेका व्यक्ति तथा परिवार लगायत कमजोर आर्थिक अवस्थाको कारण जोखिमा परेका व्यक्ति सम्झनु पर्दछ ।

घ. "न्यायिक समिति" भन्नाले आरुघाट गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

ङ. "अध्यक्ष" भन्नाले आरुघाट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आरुघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

### परिच्छेद- २
### आर्थिक सहायता सम्बन्धी व्यवस्था

**३. उपचार सहायता सम्बन्धी व्यवस्था-**

क. आर्थिक रुपले विपन्न दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क आदि) तथा क्यान्सर लगाएत अन्य प्रकारका रोगबाट ग्रसित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

स्पष्टिकरण "आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनी अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नुपर्दछ ।

ख. उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि आवश्यक जाँचबुझ गरी रु. २५,००० (पच्चिस हजार) सम्मको आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ ।

**४. हिंसा पीडित तथा जोखिममा परेकालाई सहायता सम्बन्धी व्यवस्थाः-**

क. घरेलु हिंसा, यौनजन्य हिसाबाट पीडित महिला तथा बालबालिकाको तत्काल उद्धार तथा राहत उपलब्ध गराउन आवश्यक देखिएमा १५,००० (पन्ध्र हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख. पीडितलाई न्याय दिलाउन एवं, पुनर्स्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**५. जोखिममा परेका बालबालिकालाई सहायताः-**

क. आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको हराएको वा बेवारिसे अवस्थामा फेला परेको, बन्धकमा परेको वा जवरजस्ती श्रमवाट पीडित भएको शारीरिक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहार पीडित दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण यौन दुर्व्यवहार, बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट वचित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालवालिका, एच.आई.भी.एड्सबाट संक्रमित बालबालिका भएमा तथा तत्काल उद्धार गर्नुपर्ने अवस्था भएमा गाउँपालिकाले उद्दार गरी तत्काल रु. २०,००० (विस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख. उपखण्ड (१) मा उल्लिखित्त बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृह तथा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न गाउँपालिकाले पहल गर्न सक्नेछ।

**६. प्रकोपजन्य विपद्वाट पीडित व्यक्ति तथा परिवारलाई सहायता सम्बन्धी व्यवस्थाः**

क. बाढी पहिरो, आगलागी, दुर्घटना वा यस्तै विपतजन्य घटनाबाट क्षति पुगेको व्यक्ति तथा परिवारको उद्दार तथा राहतको लागि रु. २५,०००।- (पच्चिस हजार) सम्म आर्थिक सहायता उपलब्ध तत्काल गराउन सकिनेछ।

ख. पीडितको आवश्यकता हेरी अन्य जिन्सी सामान समेत गाउँपालिकाले विपद राहतस्वरुप उपलब्ध गराउन सक्नेछ।

**७. काजक्रिया सहायता सम्बन्धी व्यवस्थाः**

क. आर्थिक रुपमा विपन्न कुनै परिवारको सदस्यको मृत्यु भएमा काजक्रिया गर्न सहायता आवश्यक देखिएमा सहायता वापत रू. १०,०००।- (दश हजार)।सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

**८. अन्य आर्थिक सहायताः-**

क. यस कार्यविधिमा उल्लेख भएबाहेक अन्य कनै अवस्थाको व्यक्ति तथा परिवारलाई आर्थिक सहायता दिन मनासिव भएमा रु. १०,०००। (दश हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

**८. जिन्सी सहायता उपलब्ध गराउन सक्नेः**

क. यस कार्यविधिबमोजिम उपलब्ध गराइने सहायता नगद वा सो बरारबरको जिन्सीको रुपमा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेव - ३
## विविध

**९. निवेदनका ढाँचाः-**

आर्थिक सहायता पाउन अनुसूची १ को डाँचामा निवेदन दिनु पर्नेछ। तर तत्काल उद्दार तथा राहत दिन आवश्यक भएकोमा कुनै माध्यमबाट गाउँपालिकामा जानकारी हुन् आएमा निवेदन नपरेको अवस्थामा समेत गाउँपालिकाले आफै नगद तथा जिन्सी सहायता यस कार्यविधि वमोजिम सहायता पाउने व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ ।

१०. निर्णय गरी सहायता उपलब्ध गराउनुपर्ने

क. यस कार्यविधि अनुसार आर्थिक सहायता उपलब्ध गराउदा प्रष्ट कारण खुलाई उपलब्ध गराउनुपर्नेछ।

ख. आर्थिक सहायतासम्बन्धी निर्णय गर्दा रु. २५,०००।- (पच्चिस हजार) सम्मको आवश्यकताको आधारमा रकम अध्यक्षको निर्णयानुसार उपलब्ध गराइनेछ। अन्य अवस्थामा गाउँ कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराइनेछ।

ग. यस कार्यविधिमा उल्लेख भएको रकमको सीमाभन्दा बढी आर्थिक सहायता उपलब्ध गराउनुपर्ने अवस्था भएमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ।

**११. सहायता सम्बधी बजेट व्यवस्थापनः**

यस कार्यविधिको अधिनमा रही खर्च गर्ने गरी वार्षिक रुपमा बजेट रकम गाँउसभाबाट विनियोजन भएबमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ। उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन ।

क. दुर्घटना तथा विपद् राहत व्यवस्थापन सम्बन्धमा गाँउपालिका वा वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषबाट।

ख. जटिल/कडा किसिमका रोगहरु तथा दीर्घ रोगीको सम्बन्धमा गाँउपालिकाको स्वास्थ्य सम्बन्धी कोष तथा कार्यक्रमबाट।

ग. अन्य सहायताको हकमा सम्बन्धित शीर्षकमा बजेट विनियोजनको भएमा सोही शीर्षकबाट।

**१२. कार्यविधि संशोधनः**

यस कार्यविधि प्रचलित कानूनको प्रतिकुल नहुनेगरी गाँउ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

**१४. मापदण्ड तयार गर्न सक्नेः**

यस कार्यविधिलाई कार्यान्वयन गर्न आवश्यक मापदण्ड तयार गर्न सकिनेछ।

**अनुसूची- १**

(दफा ९ सँग सम्बन्धित)

मितिः-

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू/प्रमुख प्रशासकीय अधिकृत ज्यू
आरुघाट गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
आरुघाट, गोरखा ।

विषयः- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी.....................................समस्याले ग्रसित भई....................................... गर्नका लागि यस कार्यालयको सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछ/छौं ।उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएको हुँदा सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनु हुन / निशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौ ।

**तपसिलः**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/ विवाहदर्ताको प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. मुचुल्का
५. सरकारी कार्यालयबाट प्रमाणीत कागजात सिफारीस
६. अन्य कागजातहरु आवश्यकता अनुसार

निवेदक नामः
ठेगानाः
हस्ताक्षरः

आज्ञाले,
प्रमुख प्रशासकिय अधिकृत